त्रिभुवन विश्वविद्यालय
TRIBHUVAN UNIVERSITY
इन्जिनियरिङ्ग अध्ययन संस्थान
INSTITUTE OF ENGINEERING
डीनको कार्यालय
OFFICE OF DEAN
परीक्षा नियन्त्रण महाशाखा
EXAMINATION CONTROL DIVISION

Chakupat, Lalitpur, Nepal
Tel. 977-5260636, 5260716
Fax: 977-1-5260129
ecd@ioe.edu.np, www.exam.ioe.edu.np
चाकुपाट, ललितपुर, नेपाल
फोन: ५२६८६३६, ५२६८७१७
फ्याक्स: ५२६८१२९

च.न.: ०६ -०८२/०८३ प्रकाशित मिति : २०८२।०४।०४

## *Thesis Dissertation* को परीक्षा फाराम भर्ने सम्बन्धी सूचना

यस इन्जिनियरिङ्ग अध्ययन संस्थान विद्यापरिषद् स्थायी समितिको मिति २०८२/०२/२६ गते बसेको बैठकमा *"इ.अ.सं.अन्तर्गतका आँगिक क्याम्पसहरुमा सञ्चालित विभिन्न स्नातकोत्तर तहमा भर्ना भई तोकिएको शैक्षिक समय सीमा भित्र तह पार गर्न नसकेका विद्यार्थीहरुलाई Thesis Dissertation को लागि मात्र विशेष मौका परीक्षाको व्यवस्था गर्ने"* गरी भएको निर्णयानुसार उपरोक्त बिशेष मौका परीक्षामा सामेल हुन चाहने बिद्यार्थीहरुले मिति २०८२ श्रावण ०४ गते देखि २०८२ भाद्र ०३ सम्म परीक्षा नियन्त्रण महाशाखा, चाकुपाट, ललितपुरमा सम्पर्क राखी परीक्षा फाराम भर्न सूचना गरिएको छ । उपरोक्त म्याद समाप्त भए पछि परीक्षा फाराम भर्न स्वीकृती दिइने छैन ।

१. परीक्षा शुल्कको हकमा त्रि.वि. इ.अ.सं.कार्यान्वयन समितिको मिति २०८२/०३/०८ मा बसेको बैठकको निर्णय नं. ३०९० अनुसार थेसिस शुल्क रु १२,८००।-, फाराम शुल्क रु १००।- र परीक्षा केन्द्र शुल्क रु १५०।- गरि जम्मा रु १३,०५०।- कायम गरिएको छ ।

२. परीक्षा फाराममा सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नु पर्नेछ ।

३. परीक्षा शुल्क सिद्धार्थ बैकमा **IOE Examination Control Division** को नाममा खाता नं.**00915103877** मा दाखिला गर्नुपर्नेछ ।

४. परीक्षा फाराममा हालसालै खिचेको चस्मा नलगाएको, दुवै कान देखिने, सादा पृष्ठ छाया (Background plain) भएको, पासपोर्ट साइजको फोटो मात्र प्रयोग गर्नु पर्नेछ ।

५. परीक्षा फाराम भर्नको लागी सबै बर्ष सबै खण्डको परीक्षामा सबै विषयहरु उत्तिर्ण भएको लब्धाङ्कपत्रको प्रतिलिपि र माथि उल्लेखित रकमको सक्कल बैक भौचर अनिवार्य रुपमा बुझाउनु पर्नेछ । अन्यथा परीक्षा फारम स्वीकृत हुने छैन ।

६. Thesis Defense को मिति पछि प्रकाशन गरिने छ ।

सुरज लामिछाने (पिएच. डी
सहायक डीन